वर्ष ५, अङ्क ६, २०८३ असार (June-July 2026)
नेपाल बीमा प्राधिकरणको द्वैमासिक प्रकाशन
बीमा समाचार

# बीमक र पुनर्बीमकका लागि विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्था विभागका कार्यकारी निर्देशक डा. डिल्लीराम पोखेललाई सम्झनाको चिनो दिनुहुँदै ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा मिति २०८३ साल असार ५ गते बीमक तथा पुनर्बीकका लागि विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

संरक्षक
श्री चन्द्रकला पौडेल, अध्यक्ष

सल्लाहकार एवम् संयोजक
श्री सुशीलदेव सुवेदी, कार्यकारी निर्देशक

सम्पादन समूह
श्री ध्रुव तिमिल्सिना, निर्देशक
श्री पुजन ढुङ्गेल (अधिकारी), निर्देशक
श्री पुष्पा कुँवर, उपनिर्देशक
श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

प्रकाशक
नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर ।
फोन: ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४
Email:info@nia.gov.np, Web: www.nia.gov.np

बीमा व्यवसायको विस्तारसँगै पुनर्बीमा, बीमा सम्बन्धी अन्तर्राष्ट्रिय कारोबार र विदेशी मुद्रामा हुने भुक्तानी सम्बन्धी कार्यहरूलाई थप व्यवस्थित, प्रभावकारी र सहज बनाउन सम्बद्ध निकायहरूबीचको सहकार्य एवम् नीतिगत समन्वय अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा व्यवसायसँग सम्बन्धित विदेशी मुद्रा सटहीमा देखिएका प्राविधिक समस्याहरू सम्बोधन गर्नका लागि नेपाल राष्ट्र बैंकसँग घनिभूत छलफल गरी त्यसको निष्कर्षका आधारमा द्विपक्षीय सहयोगलाई अझ सुदृढ बनाउँदै लगिने बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बीमासँग सम्बन्धित विदेशी मुद्रा सहटीमा देखिएका कतिपय समस्याहरू सम्बोधनका लागि बीमा नियमावलीले बाटो खोलिदिएको उल्लेख गर्नुहुँदै ती विषयमा भने निर्देशिका मार्फत सम्बोधन गरिने जानकारी दिनुभयो ।

नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्था विभागका कार्यकारी निर्देशक डा. डिल्लिराम पोखेलले बीमा व्यवसायसँग सम्बन्धित विदेशी मुद्रामा हुने कारोबारलाई सहज, पारदर्शी, सुरक्षित र अन्तर्राष्ट्रियस्तरमा स्वीकारयोग्य बनाउन नेपाल बीमा प्राधिकरणसँग सहकार्य एवम् समन्वयका साथ अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यकारी निर्देशक डा. पोखेलले बीमा व्यवसाय सम्बन्धी विदेशी मुद्रा सटहीमा देखिएका समस्याहरूमध्ये तत्काल सम्बोधन गर्नुपर्ने विषयमा नेपाल बीमा प्राधिकरणका सुझावहरू लिएर अगाडि बढ्ने उल्लेख गर्नुहुँदै यस सम्बन्धमा नीतिगत सामञ्जस्यता कायम गर्न समेत प्राधिकरणसँग सहकार्य गर्दै जाने जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक कमल प्रसाद रेग्मीले बीमा व्यवसायसँग सम्बन्धित विदेशी मुद्रा सटहीमा देखिएका व्यावहारिक समस्याहरूका बारेमा छलफल गरी समाधान पहिल्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

नेपाल राष्ट्र बैंकका निर्देशक बुद्ध राज शर्माले बीमा व्यवसायको विस्तारसँगै आइपर्ने जोखिमहरूको न्यूनीकरणमा नेपाल राष्ट्र बैंक र नेपाल बीमा प्राधिकरणबीचको सहकार्यले महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक राम कोजूले बीमक र पुनर्बीमकका लागि विदेशी मुद्रा सटही सिफारिस सम्बन्धी विद्यमान व्यवस्था र नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्था विभागका उपनिर्देशक यज्ञ श्रेष्ठले बीमा व्यवसायका लागि विदेशी मुद्रा सटही सम्बन्धी विद्यमान व्यवस्था सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा व्यवसायमा हुँदै गएको विस्तारसँगै विदेशी मुद्रा सटही सम्बन्धी व्यवस्थालाई समयानुकूल परिमार्जन गर्दै जानुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्था विभागका पदाधिकारी, नेपाल बीमक संघ र निर्जीवन बीमक संघ, नेपालका पदाधिकारी, विभिन्न बाणिज्य बैंकका प्रतिनिधि, बीमा कम्पनीका पुनर्बीमा विभागका प्रमुख र नेपालका पुनर्बीमा दलालहरू लगायतको सहभागिता रहेको थियो । कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक रोमिला शर्माले गर्नुभएको थियो ।

यसैबीच, नेपाल बीमा प्राधिकरणले पुनर्बीमा शुल्कसँग सम्बन्धित विदेशी विनिमय मुद्रा सिफारिस सम्बन्धी कार्यलाई डिजिटलाइज गरेको छ । साथै, पुनर्बीमा सम्बन्धी समग्र विषयमा जानकारी दिनका लागि पुनर्बीमा सम्बन्धी हाते पुस्तक तयार गरेको छ ।

## केपीआई ड्यास बोर्ड

नेपाल बीमा प्राधिकरणले बीमकका कार्यसम्पादन सूचकाङ्कहरूलाई समेटेर की पर्फर्मेन्स इन्डिकेटर ड्यास बोर्ड तयार गरेको छ ।

साथै, बीमकको त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई डिजिटल रिर्पोटिङ फर्म्याटका लागि रिपोर्टिङ् पोर्टल तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ ।

यसैगरी, बीमकको त्रैमासिक आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा देखिएका कैफियतहरूका सम्बन्धमा सम्बन्धित बीमकका प्रतिनिधिहरूसँग छलफल कार्यक्रम सम्पन्न भएको छ ।

यस्तै, बीमकहरू एलआईसी नेपाल र मेट लाइफ नेपालको जोखिममा आधारित सुपरीवेक्षण (आरबीएस) प्रतिवेदन तयार गरिएको छ ।

# जोखिममा आधारित पूँजी सम्बन्धी अन्तरक्रिया

## जोखिममा आधारित पूँजी कार्यान्वयन सफल ढङ्गले अगाडि बढिरहेको छ : कार्यकारी निर्देशक सुवेदी

नेपाल बीमा प्राधिकरणको आयोजनामा प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा मिति २०८३ साल असार २४ गते बीमा क्षेत्रमा जोखिममा आधारित पूँजी (आरबीसी) कार्यान्वयनको दुई वर्षको समीक्षा, बीमकहरूका यस सम्बन्धी अनुभव आदान-प्रदान र प्रस्तावित परिमार्जनका विषयहरू सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा क्षेत्रमा जोखिममा आधारित पूँजी कार्यान्वयन सफल ढङ्गले अगाडि बढिरहेको बताउनुभयो । कार्यकारी निर्देशक सुवेदीले जोखिममा आधारित पूँजी कार्यान्वयनको दुई वर्षको परिक्षणकालमा देखिएका सजिला र अप्ठ्यारा पक्षहरूमा छलफल गरी आगामी दिनमा कसरी अगाडि बढ्ने भन्ने सम्बन्धमा ठोस निष्कर्ष सहितको सुझाव दिन बीमकहरूलाई आग्रह गर्नुभयो ।

कार्यकारी निर्देशक सुवेदीले बीमकहरूबाट प्राप्त हुने सुझावहरू समेतका आधारमा जोखिममा आधारित पूँजी सम्बन्धी व्यवस्था व्यावहारिक रूपमा समयानुकूल परिमार्जन हुँदै जाने स्पष्ट गर्नुभयो । नेपाल बीमा प्राधिकरणका निर्देशक ध्रुव तिमिल्सिनाले जोखिममा आधारित पूँजीको कार्यान्वयन सम्बद्ध सबैको सिकाई, मूल्याङ्कन, समीक्षा तथा विश्लेषण र अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा निरन्तर सुधार तथा परिमार्जनका साथ प्रभावकारी रूपले अगाडि बढ्दै जाने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मला मल्लले जोखिममा आधारित पूँजी कार्यान्वयनको दुई वर्षको समीक्षा र परिमार्जनका विषयहरू सम्बन्धी प्रस्तुतीकरण दिनुभएको थियो । उपनिर्देशक मल्लले जोखिममा आधारित पूँजी कार्यान्वयनका सन्दर्भमा प्राधिकरणले बीमकहरूबाट तथ्याङ्कको गुणस्तर तथा प्रणालीमा सुधार, बीमाङ्कीको क्षमता अभिवृद्धि, संस्थागत जोखिम संस्कृतिको विकास, जोखिम व्यवस्थापनको सुदृढीकरण र समयमै प्रतिवेदन पेशको अपेक्षा गरेको बताउनुभयो ।

जीवन बीमक संघ नेपालका अध्यक्ष प्रवीण रमण पराजुलीले जोखिममा आधारित पूँजी कार्यान्वयनका सन्दर्भमा संघले दिएका सुझावहरू ग्रहण गरेकोमा प्राधिकरणप्रति आभार प्रकट गर्नुभयो । कार्यक्रममा सहभागीहरूले जोखिममा आधारित पूँजी कार्यान्वयनका क्रममा हासिल गरेका अनुभव आदान-प्रदान गर्नुका साथै जोखिममा आधारित पूँजी तथा सोल्भेन्सी निर्देशिकामा विद्यमान र प्रस्तावित व्यवस्थाका सम्बन्धमा जिज्ञासाहरू राख्नुभएको थियो ।

कार्यक्रममा जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृत, जोखिम व्यवस्थापन शाखा प्रमुख र आरबीसी सम्पर्क व्यक्तिहरूको सहभागिता रहेको थियो । कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक करुणा थापाले गर्नुभएको थियो ।



कार्यक्रममा सहभागीहरू ।

# विद्युतीय सवारी साधनको बीमा, क्षति मूल्याङ्कन तथा मर्मत सम्भारमा देखिएका चुनौति सम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी र निर्देशक तथा उपनिर्देशकहरू लगायत कार्यक्रममा सहभागीहरू ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा मिति २०८३ साल असार १० गते विद्युतीय सवारी साधनको बीमा, क्षति मूल्याङ्कन तथा मर्मत सम्भारमा देखिएका चुनौती एवम् समस्या र समाधानका उपायहरू सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

विद्युतीय सवारी साधनको क्षति मूल्याङ्कनमा एकरूपता कायम गर्ने, मूल्याङ्कनमा देखिएका समस्या एवम् चुनौति पहिचान गरी समाधानका उपाय पहिल्याउने र सवारी साधन बीमा सम्बन्धी विद्यमान व्यवस्थामा परिमार्जन गर्ने सन्दर्भमा सुझावहरू सङ्कलन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक शाम्भराज लामिछानेले बजारमा विद्युतीय सवारी साधनको प्रयोग बढ्दै गइरहेको सन्दर्भमा परम्परागत मोटर बीमालेखलाई परिमार्जन गर्ने कि छुट्टै विद्युतीय सवारी साधन बीमालेख ल्याउने भन्ने सम्बन्धमा छलफल भइरहेको जानकारी दिनुभयो । निर्देशक लामिछानेले विद्युतीय सवारी साधन सम्बन्धी छुट्टै बीमालेख ल्याउनु आवश्यक भएमा विद्युतीय सवारी साधन निर्माता, डिलर, यातायात व्यवसायी, बीमक, बीमा सर्भेयर लगायत सबै सरोकारवालाहरूबाट सुझावहरू लिइने बताउनुभयो । निर्देशक लामिछानेले जोखिम विश्लेषणका लागि विद्युतीय सवारी साधनको आयात, बिक्री, प्रयोग, क्षति, मर्मत सम्भार, बीमा सर्भे, दाबी र भुक्तानी लगायतको तथ्याङ्क आवश्यक पर्ने भएकाले ती सम्बन्धी समग्र विषयको सही तथ्याङ्क राख्न सम्बद्ध सबैसँग आग्रह गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक निर्मल अधिकारीले सरकारले ल्याएको तेस्रो पक्ष बीमा सम्बन्धी नीति बमोजिम विद्यमान मोटर बीमालेखको परिमार्जन र विद्युतीय सवारी साधन बीमालेखका सन्दर्भमा सरोकारवाला सबैको सुझाव लिन कार्यक्रम आयोजना गरिएको बताउनुभयो । निर्देशक अधिकारीले विद्युतीय सवारी साधनको क्षति मूल्याङ्कनमा एकरूपता, समस्या तथा चुनौतिहरूको सम्बोधनमा स्पष्टता र ह्रास कट्टी लगायत समसामयिक विषयमा सुझाव दिन सबैसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल र नेपाल अटोमोबाइल इम्पोर्टर्स् एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसनका तर्फबाट विद्युतीय सवारी साधनको वर्तमान अवस्था, समस्या तथा चुनौती र समाधानका उपायहरू तथा रिसर्च इन्स्टिच्युट अफ सर्भेयर्स इन इन्स्योरेन्सका तर्फबाट विद्युतीय सवारी साधनको बीमा सम्बन्धी प्रस्तुतीकरण गरिएको थियो ।

यसैगरी, नेपाल सर्भेयर संघका तर्फबाट विद्युतीय सवारी साधन सर्भेको वर्तमान अवस्था, समस्या तथा चुनौती र समाधानका उपायहरू तथा बीमक संघ, नेपालका तर्फबाट विद्युतीय सवारी साधनको दाबी भुक्तानीको विद्यमान अवस्था, समस्या तथा चुनौती र समाधानका उपायहरू सम्बन्धी प्रस्तुती गरिएको थियो ।

कार्यक्रममा सहभागीहरूले परम्परागत सवारी साधनहरूको तुलनामा विद्युतीय सवारी साधनहरू महङ्गो हुने गरेका कारण बीमा दाबी बढी हुने गरेको, मर्मत सम्भारको जिम्मा धेरै जसो निर्माता र डिलर आफैले लिने गरेका कारण मर्मत सम्भारभन्दा पनि पार्टपूर्जा फेर्ने जोड दिने गरेकाले खर्च बढ्ने गरेको, जोखिम मूल्याङ्कन सही रूपमा हुने नगरेको र विद्युतीय सवारी साधनको बीमाका लागि छुट्टै बीमालेख आवश्यक भएको धारणा राख्नुभएको थियो ।

यसैगरी, विद्युतीय सवारी साधनका चालकहरूका लागि तालिम आवश्यक भएको, मर्मतका लागि पर्याप्त सङ्ख्यामा वर्कसप नभएको, ब्याट्रीको ह्रासकट्टी बढी भएको, सरकारले विद्युतीय सवारी साधन आयातमा सहुलियत दिएको तर पार्टपूर्जामा भने सहुलियत नदिएका कारण मर्मत सम्भार खर्च बढी हुने गरेकाले यस सम्बन्धी नीतिमा सुधार गर्नुपर्ने देखिएको र विद्युतीय सवारी साधनमा प्रयोग हुने ब्याट्रीको उपयोग तथा क्षतिपछिको व्यवस्थापन सम्बन्धी नीति ल्याउनु आवश्यक रहेको लगायतका विचार सहभागीहरूले व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक, निर्देशक तथा उपनिर्देशकहरू, नाडा अटोमोबाइल्स एसोसिएसन अफ नेपाल, नेपाल अटोमोबाइल इम्पोर्टर्स् एण्ड म्यानुफ्याक्चरर्स एसोसिएसन, रिसर्च इन्स्टिच्युट अफ सर्भेयर्स इन इन्स्योरेन्स, नेपाल सर्भेयर संघ र बीमक संघ, नेपालका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

## बजेटमा भएका बीमा सम्बन्धी व्यवस्था कार्यान्वयन सम्बन्धी छलफल

नेपाल सरकारले आगामी आर्थिक वर्षको बजेट मार्फत ल्याएका बीमा सम्बन्धी व्यवस्थाहरू कार्यान्वयन गर्न नेपाल बीमा प्राधिकरणले नेपाल बीमक संघ, जीवन बीमक संघ नेपाल, र पुनर्बीमा कम्पनीका प्रतिनिधिहरूसँग छलफल गरेको छ । आर्थिक वर्ष २०८३/८४ को बजेटमा भएका बीमा सम्बन्धी व्यवस्थाहरू कसरी यथाशीघ्र कार्यान्वयन गर्न सकिन्छ भन्ने सम्बन्धमा मिति २०८३ साल असार १५ गते प्राधिकरणमा छलफल कार्यक्रम आयोजना गरिएको हो ।

नेपाल सरकारले आर्थिक वर्ष २०८३/८४ को बजेटमा नेपाली बीमा कम्पनीबाट जारी हुने बीमाङ्कको कम्तीमा २० प्रतिशत नेपाल पुनर्बीमा कम्पनीबाट गराउनुपर्ने, दीर्घकालीन प्रकृतिका बीमाको सामूहिक बीमा कोषको नेतृत्व तथा सञ्चालन नेपाल पुनर्बीमा कम्पनीबाट हुने, जोखिम न्युनीकरणका लागि पुनर्बीमाको निश्चित हिस्सा विदेशी पुनर्बीमा कम्पनीसँग गराउने, लामो समयदेखि वृद्धि हुन नसकेको तेस्रो पक्ष बीमाङ्क रु १० लाख पुर्‍याइने, सवारी दुर्घटना कम गर्न सवारी साधनमा दुर्घटना डिभाइस जडान गर्नुपर्ने, दुर्घटना, घातक रोग, डुवानी लगायतको बीमा अनिवार्य गर्ने र सहरी क्षेत्रमा भवन निर्माणको नक्सा स्वीकृति गर्दा अनिवार्य रूपमा बीमा गर्ने व्यवस्था गर्ने उल्लेख छ ।

कार्यक्रममा सरकारले बजेटमा गरेको बीमा सम्बन्धी व्यवस्थाहरू समग्र बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि महत्वपूर्ण सावित हुने विश्वास व्यक्त गरिएको थियो । त्यस अवसरमा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बजेटमा भएका बीमा सम्बन्धी व्यवस्थाहरू कार्यान्वयनका लागि प्राधिकरणले आवश्यक निर्देशिकाहरू यथाशीघ्र तयार गरी जारी गर्नुका साथै आवश्यक नीतिगत सहजीकरण समेत गर्ने जानकारी दिनुभएको थियो ।

कार्यक्रममा नेपाल बीमक संघ तथा जीवन बीमक संघ नेपालका पदाधिकारीहरू र पुनर्बीमा कम्पनीका प्रतिनिधिहरूले प्राधिकरणको निर्देशन, सहजीकरण र सहयोगमा सरकारले बजेटमा गरेका बीमा सम्बन्धी व्यवस्थाहरू यथाशीघ्र कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

# बीमा सम्बन्धी अनुसन्धान तथा तथ्याङ्क सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा मिति २०८३ साल असार १२ गते बीमा सम्बन्धी अनुसन्धान तथा तथ्याङ्क सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । बीमकहरूबाट प्राप्त हुने दैनिक, मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक तथ्याङ्कहरूमा एकरूपता तथा गुणस्तर सुनिश्चित गर्ने, आइआरएमआइएसमा डाटा रिपोर्टिङमा गरिएका परिवर्तनका बारेमा जानकारी दिने र डाटा रिपोर्टिङमा देखिएका समस्याहरूका सम्बन्धमा छलफल गरी समाधानका उपायहरू पहिल्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमा सम्बन्धी अध्ययन एवम् अनुसन्धानमा तथ्याङ्कको महत्वपूर्ण भूमिका रहने भएकाले तथ्याङ्कमा शुद्धता, एकरूपता र विश्वसनीयता कायम गर्नु आवश्यक भएको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरणका उपनिर्देशक पुष्पा कुँवरले बीमा सम्बन्धी तथ्याङ्क प्रणालीमा देखिएका समस्याहरूको समाधानका लागि सहकार्य गर्न र सहजीकरण गर्न प्राधिकरण तयार रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक सुन्दर प्रसाद शर्माले प्राधिकरणबाट गरिएका बीमा सम्बन्धी अध्ययन तथा अनुसन्धानका क्रममा देखिएका समस्या, चुनौती र अवसरहरू सम्बन्धी प्रस्तुती गर्नुभएको थियो । सहायक निर्देशक शर्माले बीमा सम्बन्धी अनुसन्धानका लागि आवश्यक तथ्याङ्क समयमै उपलब्ध हुनुपर्ने, तथ्याङ्कहरूमा एकरूपता कायम हुनुपर्ने, बीमकहरूले अनुसन्धानसँग सम्बन्धित सम्पर्क व्यक्ति तोक्नुपर्ने, अनुसन्धानलाई प्राथमिकता दिनुपर्ने र अनुसन्धानका लागि स्रोत तथा साधन सुनिश्चित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

यसैगरी, नेपाल बीमा प्राधिकरणका तथ्याङ्कशास्त्री बसन्त प्रसाद बोहराले प्राधिकरणले बीमकहरूबाट सङ्कलन गर्ने तथ्याङ्का आधार तथा माध्यम, तथ्याङ्क सङ्कलन प्रणालीमा गरिएका परिवर्तन र बीमकले पेश गर्ने तथ्याङ्कमा प्राधिकरणको अपेक्षा लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो । कार्यक्रममा बीमा कम्पनी, लघुबीमा कम्पनी र पुनर्बीमा कम्पनीका तथ्याङ्क, अनुसन्धान र सूचना प्रविधि शाखाका प्रमुखहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरणका सहायक प्रथम कमला घर्तीले गर्नुभएको थियो ।



कार्यक्रममा सहभागीहरू ।

# जोखिममा आधारित पूँजीसम्बन्धी मार्गचित्र र बीमालेख नियमन प्रक्रिया सम्बन्धी अन्तरक्रिया

## बीमाङ्की विज्ञानका विद्यार्थीका लागि स्वदेशमैं रोजगारीको राम्रो अवसर छ : कार्यकारी निर्देशक सुवेदी



त्रिभुवन विश्वविद्यालय, स्कूल अफ म्याथमेटिकल साइन्समा स्नातक तहका छैठौं तथा आठौं सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूसँग आयोजित कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक ध्रुव तिमिल्सिना सहित कार्यक्रममा सहभागीहरू ।

नेपाल बीमा प्राधिकरणद्वारा मिति २०८३ साल जेठ २८ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा त्रिभुवन विश्वविद्यालय, स्कूल अफ म्याथमेटिकल साइन्समा स्नातक तहका छैठौं तथा आठौं सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूसँग जोखिममा आधारित पूँजी सम्बन्धी मार्गचित्र तथा बीमालेख नियमन प्रक्रिया सम्बन्धी अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ ।

जोखिममा आधारित पूँजी सम्बन्धी मार्गचित्र सहित कार्यान्वयन अवस्था, समयसीमा, प्रभावकारिता तथा अन्तर्राष्ट्रिय अभ्यास र बीमालेखको विकासका चरण तथा स्वीकृति प्रक्रिया लगायतका विषयमा बीमाङ्की विज्ञानका विद्यार्थीहरूलाई विस्तृत जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले बीमाङ्की विज्ञानको अध्ययन एवम् अनुसन्धानमा प्राधिकरणले त्रिभुवन विश्वविद्यालयसँग सहकार्य गर्दै आएको उल्लेख गर्नुहुँदै बीमाङ्की विज्ञानको अध्ययनको गुणस्तर अभिवृद्धिका लागि नीतिगत व्यवस्था र स्रोत परिचालनमा समेत समन्वय गर्न प्राधिकरण तयार रहेको बताउनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले स्वदेशमा बीमाङ्कीहरूको माग बढ्दै गएको र प्रत्येक बीमा कम्पनीले बीमाङ्की तथा बीमाङ्कीय विश्लेषक नियुक्त गर्नुपर्ने व्यवस्था समेत गरिएकाले बीमाङ्की विज्ञानका विद्यार्थीहरूका लागि स्वदेशमैं रोजगारीको राम्रो अवसर रहेको जानकारी दिनुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक ध्रुव तिमिल्सिनाले बीमा क्षेत्रको विकास, स्थायित्व र व्यावसायिक सुदृढीकरणमा बीमाङ्की तथा बीमाङ्कीय विश्लेषकहरूको भूमिका महत्वपूर्ण रहने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक निर्मला मल्लले जोखिममा आधारित पूँजी सम्बन्धी मार्गचित्र, कार्यान्वयनको समयसीमा, प्रभावकारिता तथा बीमाङ्कीको भूमिका र सहायक निर्देशक सुधा काफ्लेले बीमालेखको विकासका चरण तथा नियामकीय प्रक्रिया सम्बन्धी प्रस्तुतीकरण दिनुभएको थियो ।

कार्यक्रममा सहभागी विद्यार्थीहरूले बीमा क्षेत्रमा बीमाङ्कीको आवश्यकता, जोखिम व्यवस्थापनमा जोखिममा आधारित पूँजीको भूमिका र कार्यान्वयन अवस्था, बीमालेखको विकासमा बीमाङ्कीको योगदान र रोजगारीका अवसर लगायतका विषयमा जिज्ञासा राख्नुभएको थियो ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालय, स्कूल अफ म्याथमेटिकल साइन्सका निर्देशक नवराज पौडेल तथा कार्यक्रम संयोजक केशव राज फुलारा र त्रिभुवन विश्वविद्यालय, स्कूल अफ म्याथमेटिकल साइन्समा स्नातक तहका छैठौं तथा आठौं सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## बीमा क्षेत्रमा वैकल्पिक वितरण प्रणाली सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा प्राधिकरणको केन्द्रिय कार्यालय, कुपण्डोलमा मिति २०८३ साल असार १० गते बीमा क्षेत्रमा वैकल्पिक वितरण प्रणाली सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमा क्षेत्रमा वैकल्पिक वितरण प्रणालीको उपयोगिता एवम् प्रभावकारिता, वैकल्पिक वितरण प्रणालीको विद्यमान अवस्था, टेलिफोन, इन्टरनेट पेमेन्ट गेटवे र डिजिटल वालेट जस्ता संस्थाहरूलाई वैकल्पिक वितरण प्रणालीमा समावेशको अवसर तथा चुनौती लगायतका विषयमा अनुभव आदान-प्रदान गर्ने, छलफल गर्ने र सुझावहरू सङ्कलन गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक ध्रुव तिमिल्सिनाले बीमा क्षेत्रमा वैकल्पिक वितरण प्रणालीलाई प्रभावकारी रूपमा अगाडि बढाउने सन्दर्भमा आइपर्ने समस्याहरू समाधान गर्नका लागि प्राधिकरणले आवश्यक सहजीकरण गर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक पुष्पा कुँवरले बीमा क्षेत्रमा वैकल्पिक वितरण प्रणालीको सम्भावना सम्बन्धी प्रस्तुती गर्नुहुँदै प्राधिकरणले बीमा क्षेत्रमा वैकल्पिक वितरण प्रणालीलाई अझ सशक्त रूपमा अगाडि बढाउने सन्दर्भमा अध्ययन गर्दै आएको जानकारी दिनुभयो ।

उपनिर्देशक कुँवरले वैकल्पिक वितरण प्रणाली मार्फत वैदेशिक रोजगारीमा गएका लगायत बीमाको पहुँच नपुगेका स्थान र वर्गमा सहज रूपमा बीमा सेवा पुर्‍याउन सकिने भएकाले प्राधिकरणले यस प्रणालीको विस्तारलाई प्रोत्साहन गर्दै आएको बताउनुभयो ।

कार्यक्रममा नेपाल टेलिकम, एनसेल, पेमेन्ट गेटवे र डिजिटल वालेटका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।




नेपाल बीमा प्राधिकरणका निर्देशक तथा उपनिर्देशकहरू र कार्यक्रममा सहभागीहरू ।

# नियमन सम्बन्धी कारवाही

नेपाल बीमा प्राधिकरणले बीमा ऐन, २०७९ र प्राधिकरणबाट जारी भएका निर्देशनहरू पालना नगर्ने विभिन्न छ वटा बीमकहरूलाई नियमन सम्बन्धी कारवाही गरेको छ । प्राधिकरणले मिति २०८३ साल जेठ ३ गते नियमन सम्बन्धी कारवाही गरेका बीमकहरूमा युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड, प्रभु इन्स्योरेन्स लिमिटेड, सानिमा जीआईसी इन्स्योरेन्स लिमिटेड, नेको इन्स्योरेन्स लिमिटेड, हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड र सिद्धार्थ प्रिमियम इन्स्योरेन्स लिमिटेड रहेका छन् ।

बीमा ऐन, २०७९ को दफा ६९ को उपदफा (१) को खण्ड (च) को व्यवस्था उल्लङ्घन गरेकाले ती बीमकहरूलाई प्राधिकरणले नियमन सम्बन्धी कारवाही गरेको हो । बीमा ऐन, २०७९ को दफा ६९ को उपदफा (१) को खण्ड (च) मा प्राधिकरणले निर्धारण गरेको बीमादरको प्रतिकूल हुने गरी बीमाशुल्क गणना गर्न वा गराउन हुँदैन भन्ने व्यवस्था छ ।

प्राधिकरणले ती बीमकहरूलाई बीमा ऐन, २०७९ को दफा १३८ को उपदफा (४) को खण्ड (क) बमोजिम दुई लाख रूपैयाँ जरिवाना गरेको छ । प्राधिकरणले सोही ऐनको दफा १३४ को उपदफा (१) को खण्ड (क) बमोजिम ती बीमकका कार्यकारी प्रमुखलाई लिखित चेतावनी समेत दिएको छ ।

बीमा ऐन, २०७९ को दफा १३८ को उपदफा (४) को खण्ड (क) मा बीमा ऐन, नियम, विनियम वा निर्देशन वा आदेश विपरित काम गर्ने बीमकलाई प्राधिकरणले पहिलो पटकका लागि दुई लाख रूपियाँ जरिवाना गर्न सक्ने व्यवस्था रहेको छ ।

यसैगरी, बीमा ऐन, २०७९ को दफा १३४ को उपदफा (१) को खण्ड (क) मा बीमा ऐन, नियम, विनियम वा निर्देशन वा आदेश उल्लङ्घन गरेको पाइएमा वा प्राधिकरणमा गलत विवरण वा तथ्याङ्क पेश गरेको देखिएमा त्यस्तो बीमक वा निजको कुनै संचालक, पदाधिकारी, कार्यकारी प्रमुख वा कर्मचारी वा बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई प्राधिकरणले लिखित रूपमा सचेत गराउने वा चेतावनी दिने व्यवस्था रहेको छ ।

# बीमा सर्भेयरको पोर्टफोलियो कायम गर्ने सम्बन्धी सूचना

नेपाल बीमा प्राधिकरणले बीमा ऐन, २०७९, बीमा नियमावली, २०८१ र बीमा सर्भेयर सम्बन्धी निर्देशन, २०८३ बमोजिम इजाजतप्राप्त सबै बीमा सर्भेयरहरूलाई सूचना जारी भएको मिति २०८३ असार १६ गते देखि १० दिन भित्र बीमा सर्भेयरको पोर्टफोलियो कायम गर्न सूचित गरेको छ ।

जसअनुसार, IRMIS प्रणालीमा बीमा सर्भेयरको व्यक्तिगत विवरण (KYC) स्पष्ट र बुझिने कागजात अपलोड गरी अद्यावधिक गर्नुपर्ने र बीमा ऐन, २०७९ को दफा ९१ को उपदफा (५) बमोजिम सबै व्यक्तिगत इजाजतपत्र प्राप्त गरेका बीमा सर्भेयरले बीमा नियमावली, २०८१ को नियम ४५(१) अनुसार आफ्नो विशेषज्ञता रहेको रोजेको पोर्टफोलियोको इजाजतपत्र कायम गर्न पोर्टफोलियो उल्लेख गरी निवेदन पेश गर्नुपर्ने सूचनामा उल्लेख छ । यसैगरी, बीमा नियमावली, २०८१ को नियम ४९ को उपनियम (२) बमोजिम सबै संस्थागत इजाजतपत्र प्राप्त गरेका बीमा सर्भेयरले वर्गविहिन इजाजतपत्र कायम गर्न निवेदन पेश गर्नूपर्ने र बीमा नियमावली, २०८१ को नियम ४९ को उपनियम (१) खण्ड (ग) बमोजिम 'ग' वर्गको इजाजतपत्र कायम गर्न 'घ' वर्गका सबै व्यक्तिगत इजाजतपत्र प्राप्त गरेका बीमा सर्भेयरले निवेदन पेशगर्नुपर्नेछ, प्राधिकरणले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

# AML/CFT सम्बन्धी कार्यक्रमहरू

नेपाल बीमा प्राधिकरण, सम्पत्ति शुद्धीकरण निवारण शाखाले मिति २०८३ सालका जेठ र असार महिनामा बीमा क्षेत्रमा AML/CFT प्रणालीलाई थप प्रभावकारी, पारदर्शी तथा जोखिममा आधारित बनाउन विभिन्न नियामकीय, अनुगमनात्मक तथा समन्वयात्मक गतिविधिहरू सञ्चालन गरेको छ ।

यस अवधिमा बीमकका कार्यान्वयन अधिकारीसँग प्रथम तथा द्वितीय त्रैमासिक Compliance Report को अवस्था, प्रतिवेदनको गुणस्तर, शङ्कास्पद कारोबार रिपिटिङ (STR), रद्द बीमालेखको विवरण, नगद कारोबारको विवरण, ग्राहक पहिचान (CDD/KYC) तथा जोखिम व्यवस्थापन सम्बन्धी विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो ।

यसक्रममा, नेपाल बीमा प्राधिकरणको आयोजना र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागको समन्वयमा मिति २०८३ साल जेठ ८ र ९ गते काठमाडौंमा 'नेपालको सम्पत्ति शुद्धीकरण निवारण व्यवस्था सम्बन्धी समसामयिक विषयमा न्यायिक, नियामकीय तथा कानून कार्यान्वयनको दृष्टिकोण' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।

सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी विषयमा सम्बन्धित निकायहरूबीच समन्वय, अनुभव आदान-प्रदान तथा अन्तर संस्थागत सहकार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले आयोजना गरिएको कार्यक्रममा न्यायिक, अनुसन्धान, अभियोजन तथा नियामक निकायका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।



कार्यक्रममा सहभागीहरू ।

# बीमा सम्बन्धी सचेतनामूलक कार्यक्रम

नेपाल बीमा प्राधिकरणको केन्द्रीय कार्यालयको आयोजनामा मिति २०८३ साल जेठ र असारमा विभिन्न स्थानीय तह, विद्यालय र समूहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया एवम् छलफल कार्यक्रमहरू सम्पन्न भएको छ ।

त्यसक्रममा स्थानीय तहतर्फ नुवाकोटको विदुर नगरपालिका तथा सूर्यगढी गाउँपालिकासँग र विद्यालयतर्फ नुवाकोटका त्रिभुवन त्रिशुली, चन्द्रगढी र रालुका माध्यमिक विद्यालय, बाँके कोहलपुरका बालज्योति सेकेण्डरी स्कुल र बागेश्वरी एकेडेमी तथा पर्वतका नारायण र शिवालय माध्यमिक विद्यालयका विद्यार्थी तथा शिक्षकहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया एवम् छलफल आयोजना गरिएको थियो ।

यसैगरी, झापाको गौरादह र पर्वत जिल्लाका स्थानीय आमा समूहहरूसँग पनि बीमाको महत्व र वित्तीय सुरक्षा सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सम्पन्न गरिएको छ ।

## चारवटा निर्जीवन बीमकको AML/CFT सम्बन्धी निरीक्षण

नेपाल बीमा प्राधिकरणले मिति २०८३ साल जेठ महिनामा विभिन्न चारवटा निर्जीवन बीमकहरूको AML/CFT सम्बन्धी निरीक्षण तथा अनुगमन सम्पन्न गरेको छ । निरीक्षणका क्रममा पहिचान भएका कमी-कमजोरी तथा सुधार गर्नुपर्ने पक्षहरूको विश्लेषण गरी निरीक्षण प्रतिवेदन तयार गर्ने कार्य हाल अन्तिम चरणमा रहेको छ ।

## बीमा क्षेत्रमा AML/CFT सम्बन्धी छलफल

नेपाल बीमा प्राधिकरणको आयोजनामा मिति २०८३ साल असार ५ गते वित्तीय क्षेत्रका नियामक निकाय तथा अन्य सरोकारवाला संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा बीमा क्षेत्रमा AML/CFT सम्बन्धी विद्यमान तथा सम्भावित जोखिमहरूको मूल्याङ्कन तथा व्यवस्थापन र अन्य समयसापेक्ष विषयहरूमा छलफल सम्पन्न भएको छ ।

बीमा क्षेत्रलाई सम्पत्ति शुद्धीकरण तथा आङ्कवादी क्रियाकलापमा वित्तीय लगानीको जोखिमबाट सुरक्षित राख्न, जोखिममा आधारित नियमन तथा सुपरिवेक्षणलाई प्रभावकारी बनाउन, सरोकारवाला निकायहरूबीच समन्वय र सूचना आदान-प्रदान अभिवृद्धि गर्न तथा AML र CFT सम्बन्धी कानूनी एवम् नियामकीय व्यवस्थाको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न कार्यक्रमबाट महत्वपूर्ण योगदान पुगेका विश्वास गरिएको छ ।

यसैगरी, बीमा क्षेत्रको AML/CFT प्रतिवेदन प्रणालीलाई प्रविधिमैत्री तथा प्रभावकारी बनाउन बीमा नियमन सूचना व्यवस्थापन प्रणाली (IRMIS) अन्तर्गत AML Reporting Module को विकास तथा कार्यान्वयन सम्बन्धमा सम्बन्धित सेवा प्रदायक (Vendor) सँग नियमित समन्वय, परामर्श तथा प्राविधिक छलफलहरू सञ्चालन गरिएको छ । उक्त मोड्युल कार्यान्वयनमा आएपछि AML र CFT सम्बन्धी प्रतिवेदन प्रणाली थप व्यवस्थित, सहज र प्रभावकारी हुने अपेक्षा गरिएको छ ।

यसैगरी, Financial Action Task Force (FATF) को ग्रे-लिष्टबाट नेपाललाई बाहिर ल्याउने राष्ट्रिय प्रयासलाई सहयोग पुऱ्याउने उद्देश्यले अर्थ मन्त्रालयबाट प्राधिकरणलाई तोकिएका विस्तृतीकरण योजना अन्तर्गतका कार्यहरू नियमित रूपमा कार्यान्वयन गरिँदै आएका छन् ।

यसक्रममा बीमा क्षेत्रमा AML/CFT सम्बन्धी कानूनी, संस्थागत तथा कार्यान्वयन पक्षलाई सुदृढ बनाउन आवश्यक गतिविधिहरू निरन्तर अगाडि बढाइएको छ ।

## आकस्मिक स्थलगत निरीक्षण

नेपाल बीमा प्राधिकरणले मिति २०८३ साल जेठ र असारमा विभिन्न जीवन बीमक, निर्जीवन बीमक र ब्रोकरहरूको आकस्मिक स्थलगत निरीक्षण गरेको छ । जसअनुसार, जीवन बीमक २ वटा र निर्जीवन बीमक तथा ब्रोकर एक एकवटा गरी जम्मा चारवटाको आकस्मिक स्थलगत निरीक्षण गरिएको छ ।

आकस्मिक स्थलगत निरीक्षणका क्रममा देखिएका कैफियतका आधारमा एउटा जीवन बीमकलाई सचेत गराइएको छ ।

## बीमा सर्भेयर परीक्षाका लागि पाठ्यक्रम स्वीकृत

नेपाल बीमा प्राधिकरणले बीमा सर्भेयर इजाजतपत्र जारी गर्नुपूर्व बीमा नियमावली, २०८१ को नियम ६३ बमोजिम लिइने बीमा परीक्षाको पाठ्यक्रम स्वीकृत गरेको छ । साथै, बीमा सर्भेयरको ध्क्ष् ग्उमबतभ एयचतायष्यि छनौट गर्ने गरी कार्य संचालनको व्यवस्था मिलाइएको छ ।

यसैगरी, प्राधिकरणबाट बीमा सर्भेयर इजाजतपत्र नवीकरणतर्फ ७२४ वटा इजाजतपत्र नवीकरण भइसकेको छ भने बाँकी इजाजतपत्र नवीकरणको प्रक्रियामा रहेका छन् ।

# बीमकका प्रदेश/शाखा/उपशाखा कार्यालयहरू स्थापना, स्थानान्तरण र गाभ्न स्वीकृति प्रदान

नेपाल बीमा प्राधिकरणले मिति २०८३ साल जेठ र असारमा बीमकका प्रदेश/शाखा/उपशाखा कार्यालयहरू स्थापना, स्थानान्तरण र गाभ्न स्वीकृति दिएको छ :

| क्र.सं. | बीमकको नाम | प्रदेश/शाखा/ उपशाखा कार्यालयको विवरण |
|---|---|---|
| १ | सन नेपाल लाइफ इ.लि. | उपशाखा कार्यालय स्थापना गर्न स्वीकृति |
| २ | रिलायबल नेपाल लाइफ इ.लि. | उपशाखा कार्यालय स्थापना गर्न स्वीकृति |
| ३ | सिटिजन लाइफ इ.कं.लि. | शाखा स्थानान्तरण गर्न स्वीकृति |
| ४ | हिमालयन एभरेष्ट इन्स्योरेन्स लि. | शाखा स्थानान्तरण गर्न स्वीकृति |
| ५ | आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स लि. | उपशाखा कार्यालय स्थापना गर्न स्वीकृति |
| ६ | यूनाइटेड अजोड इन्स्योरेन्स लि. | शाखा/उपशाखा स्थानान्तरण तथा गाभ्न स्वीकृति |
| ७ | एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. | प्रदेश कार्यालय स्थापना गर्न स्वीकृति |

# विद्यालय पाठ्यक्रममा बीमा विषय समावेश

नेपाल बीमा प्राधिकरणको पहलमा बीमा विषयलाई विद्यालय तथा उच्च शिक्षाको पाठ्यक्रममा समावेश गर्ने कार्यक्रम अन्तर्गत पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरसँगको समन्वयमा कक्षा ५, ८ र १० को सामाजिक विषयमा बीमा सम्बन्धी विषयवस्तु समावेश गरिएको छ । त्यसक्रममा कक्षा ५, ८ र १० का बीमा सम्बन्धी विषय समेटिएका सामाजिक विषयमा पुस्तकहरू छपाई भई हाल एक वर्षका लागि पाइलट प्रक्रियामा गइसकेको छ ।

साथै, कक्षा १२ को पाठ्यक्रममा समेत बीमा सम्बन्धी विषयवस्तु समावेश गर्ने कार्य समेत अन्तिम चरणमा पुगेको छ ।

# नयाँ बीमालेख

नेपाल बीमा प्राधिकरणले वन्यजन्तुको जोखिम, ग्रामीण क्षेत्रका साना निर्माण संरचना र लघु तथा साना व्यवसायलाई केन्द्रित गरी विभिन्न तीनवटा नयाँ बीमालेख ल्याउने तयारी गरेको छ । जसअनुसार, नविनतम (मध्यवर्ती क्षेत्र) बीमालेख, स्तरीकृत बीमालेख, सीएआर पोलिसी र स्तरीकृत बीमालेख, लघु व्यवसाय सुरक्षा लघुबीमालेखको मस्यौदाहरूलाई अन्तिम रूप दिइएको छ । वन्यजन्तुको जोखिम केन्द्रित बीमालेखका रूपमा नविनतम् (मध्यवर्ती क्षेत्र) बीमालेख, ग्रामीण क्षेत्रका साना निर्माण संरचनाको क्षति रक्षावरण गर्ने स्तरीकृत बीमालेख, सीएआर पोलिसी र लघु तथा साना व्यवसाय सञ्चालन गर्ने क्रममा व्यवसाय बन्द गर्नुपर्ने अवस्था आएमा क्षतिपूर्ति प्रदान गर्ने स्तरीकृत बीमालेख, लघु व्यवसाय सुरक्षा लघुबीमालेख ल्याउन लागिएको हो ।

# डिजिटल माध्यमबाट बीमा सचेतना

नेपाल बीमा प्राधिकरणले बीमा साक्षरता अभिवृद्धिका लागि डिजिटल माध्यमको प्रयोगलाई प्राथमिकता दिँदै आएको छ । त्यसक्रममा प्राधिकरणका वेबसाइट तथा सामाजिक सञ्जालहरूबाट 'बीमाका सिद्धान्तहरू' का इन्फोग्राफिक्स (Infographics) का छवटा श्रृत्ला नियमित रूपमा प्रसारण भइरहेको छ ।

यी सामग्रीहरू नेपाली भाषाका साथै स्थानीय नेवारी भाषामा समेत प्रकाशन भइसकेका छन् भने आगामी दिनमा अन्य भाषाहरूमा पनि प्रकाशन गर्ने प्रक्रिया अघि बढाइएको छ । यसका अतिरिक्त विभिन्न रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यमहरू मार्फत पनि बीमा प्रवर्द्धनका कार्यक्रमहरू निरन्तर रूपमा प्रवाह भइरहेका छन् ।

बीमा सचेतना

१

बीमाया आधारभूत सिद्धान्त

## परम् सद्-विश्वासया सिद्धान्त:



बीमा या:म्ह मनू (बीमित) व बीमा कम्पनी (बीमक) या दथुइ गवलें त्वा:मदइगु विश्वासया लिसें बीमा याइगु विषयवस्तुया खँय् थम्हं सिक्व सकतां ख:ख:गु जानकारी छम्हं मेम्हेसित बीमा: । दक्वं कथंया बीमाय् उलि हे महत्वया लिसें लागु जुइगु थुगु सिद्धान्त कथं, गुगुं नं जानकारी त:धं मजू व महत्वपूर्ण मजू धायेवंतुं गुगुं नं त्वह: तया: खँ सुचुकेगु बाय् ह्ययेकेगु याये दइमखु ।ध्व सिद्धान्त जीवन व निर्जीवन निगुलिं कथंया बीमाय् उलि हे लागु जुइ ।

दसुया लागि, सुनानं थ:गु पुलांगु छेँया बीमा यायेत्यंगु दु अले व छेँया जग भचा बमला: धयागु खँ वं न्हापा हे स्यू धयागु ख:सा वं बीमा याइवलय् बीमा कम्पनीयात ध्व दक्वं खँ कनेमा: । वं ध्व खँ सुचुका: 'छेँ तसकं बल्ला:' धया: बीमा याकल व लिपा व हे कमजोरीं याना: छेँ दुन धा:सा, लिपा दावी भुक्तानीया भ्वलय् उगु ख:गु खँ सीदयेवं हे बीमा कम्पनीं क्षतिपूर्ति बीगु खँ ल्हाइमखु । अथे जूगुलिं बीमित व बीमकया दथुइ परम् सद्-विश्वास ल्यंका: बीमा यायेमा: ।

#INSURANCE_PRINCIPLES
#INSURANCE_PROMOTION
#बीमा_प्रवर्द्धन

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

Lalitpur-10, Kupondole, Nepal
+977-1-5421079, 5428604, 5438743
1660-01-56789 (Toll Free Number)

बीमा सचेतना

३

# बीमाको आधारभूत सिद्धान्त

## क्षतिपूर्तिको सिद्धान्त:



यो बीमाको **जोखिम बहनको अवधिभित्र** सम्पत्तिको नोक्सानीको हकमा क्षतिको मूल्य बराबरको रकम बीमा दाबी मार्फत भुक्तानी पाउने सिद्धान्त हो। यसको मुख्य उद्देश्य बीमित (बीमा गर्ने व्यक्ति) लाई **ठ्याक्कै त्यही आर्थिक अवस्थामा** पुऱ्याउनु हो, जसमा उनी दुर्घटना वा नोक्सानी हुनुभन्दा ठीक अघि थिए। यो सिद्धान्त जीवन बीमाको हकमा लागू हुँदैन। यो मुख्यतया घर, गाडी, वा व्यापार जस्ता सम्पत्तिहरुको रक्षावरण हुने **निर्जीवन बीमामा मात्र** लागू हुन्छ।

**उदाहरणका लागि, यदि सरिताले आफ्नो रु. १० लाख मूल्यको कारको बीमा गरेकी छन् र दुर्घटनामा परी कारको केही भाग बिग्रिएर मर्मत गर्न रु. २ लाख खर्च लाग्यो भने, बीमा कम्पनीले उनलाई कारको पूरा मूल्य (१० लाख) नदिई वास्तविक मर्मत खर्च रु. २ लाख मात्र भुक्तानी गर्छ। यदि कार पूर्ण रूपमा नष्ट भएर कामै नलाग्ने स्थितिमा पुग्यो भने मात्र उनले बीमा गरिएको अधिकतम रकम वा बजार मूल्य (१० लाख) बराबरको दाबी पाउँछिन्। यसरी, सरिताले दुर्घटनाबाट फाइदा उठाएर आफ्नो वास्तविक क्षतिभन्दा बढी रकम माग्न पाउँदिनन्; बीमाबाट प्राप्त हुने रकमले उनलाई पहिलेकै जस्तो आर्थिक स्थितिमा ल्याउने काम मात्र गर्दछ।**

#INSURANCE_PRINCIPLES
#INSURANCE_PROMOTION
#बीमा_प्रवर्द्धन

नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

Lalitpur-10, Kupondole, Nepal
+977-1-5421079, 5428604, 5438743
1660-01-56789 (Toll Free Number)
info@nia.gov.np, ir@nia.gov.np,
ujuri@nia.gov.np,
gunaso@nia.gov.np,
itsupport@nia.gov.np

# बीमालेख स्वीकृत

नेपाल बीमा प्राधिकरणले घोडा बीमालेख र मौसम सूचकाङ्क बीमा अन्तर्गत बाढी बीमालेख स्वीकृत गरेको छ । साथै, मौसम सूचकाङ्क बीमा अन्तर्गत धान बाली बीमालेख र आलु बीमालेखका सम्बन्धमा कार्य प्रारम्भ गरिएको छ ।

नेपाल प्राधिकरणबाट स्वीकृत बीमालेखहरू :

| क्र.सं. | बीमकको नाम | बीमालेखको नाम | बीमाको प्रकार | कैफियत |
|---|---|---|---|---|
| १ | आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | Professional Indemnity Insurance for Construction Projects | निर्जीवन बीमा | नयाँ बीमालेख |
| २. | शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड | शिखर साईबर इन्स्योरेन्स | निर्जीवन बीमा | नयाँ बीमालेखको स्वीकृत |
| ३. | आइजिआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड | Tourism Policy | निर्जीवन बीमा | नयाँ बीमालेखको स्वीकृत |
| ४. | सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड | Drone Policy (ड्रोनको दुर्घटना) चोरी तथा अन्य जोखिम रक्षावरण गर्ने र ड्रोनको दुर्घटनाका कारण तेस्रो पक्षलाई हुने क्षति रक्षावरण गर्ने ।) | निर्जीवन बीमा | नयाँ बीमालेखको स्वीकृत |
| ५. | आई.एम.ई. लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | आईएमई सामूहिक म्यादी जीवन बीमा योजना | निर्जीवन बीमा | नयाँ बीमालेखको स्वीकृत |
| ६. | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | (प्राविधिक टिप्पणीमा संशोधन) नेपाल लाइफ नौलो सुरक्षित जीवन बीमा योजना | जीवन बीमा | संशोधन स्वीकृत |
| ७. | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | (प्राविधिक टिप्पणीमा संशोधन) नेपाल लाइफ नौलो केटाकेटी जीवन बीमा योजना | जीवन बीमा | संशोधन स्वीकृत |
| ८. | नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड | जीवन साहारा बीमा योजना | जीवन बीमा | संशोधन स्वीकृत |

# बीमा संवाद कार्यक्रम

नेपाल बीमा प्राधिकरणको संयोजन तथा नेपाल टेलिभिजनको समन्वयमा 'किसानका लागि सुरक्षा कवच : सूचकाङ्कमा आधारित बीमाङ्क र 'बजेटमा बीमा' लगायतका समसामयिक विषयहरूमा केन्द्रित रहेर बीमा संवाद कार्यक्रम सम्पन्न भएको छ ।



## इन्स्योरेन्स स्टाटिस्टिकल इयर बुक–२०८१/८२ प्रकाशन

नेपाल बीमा प्राधिकरणले बीमा सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरू समावेश गरी यसवर्षदेखि इन्स्योरेन्स स्टाटिस्टिकल इयर बुक प्रकाशन गर्न शुरू गरेको छ ।

प्राधिकरणले Insurance Statistical Year Book-2081/82 को पहिलो अङ्क मिति २०८३ असारमा प्रकाशन गरेको छ ।

इन्स्योरेन्स स्टाटिस्टिकल इयर बुकको यस अङ्कमा आर्थिक वर्ष २०८१/८२ का साथै विगतका वर्षहरूका समेत बीमा सम्बन्धी सबै तथ्याङ्कहरू समावेश गरिएको छ र आगामी दिनहरूमा पनि प्राधिकरणले हरेक वर्ष बीमा सम्बन्धी सम्पूर्ण तथ्याङ्कहरू समावेश गरी वार्षिक पुस्तक प्रकाशन गर्नेछ ।




## कृषि तथा पशुपन्छी बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा कृषि तथा पशुपन्छी बीमा सम्बन्धी समसामयिक विषयमा सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा कृषि, बन तथा पर्यावरण मन्त्रालय, कृषि विभाग र पशुसेवा विभागकाक पदाधिकारीहरू र निर्जीवन बीमकका प्रतिनिधिबीच कृषि तथा पशुपन्छी बीमा सम्बन्धी समसामयिक विषयमा विस्तृत छलफल भएको थियो ।

यसैगरी, सबै प्रदेशमा कृषि तथा पशुपन्छी बीमा सफ्टवयेर ALIS मार्फत दावी सम्बन्धी तालिम तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको छ । साथै, कृषि बीमा अनुदान भुक्तानी दिन बाँकी रहेका बिचाराधिन बीमालेख रूजु गरी प्रतिवेदन पेश गरिएको छ ।

## जीवन बीमा अभिकर्ता परीक्षा

नेपाल बीमा प्राधिकरणको केन्द्रीय कार्यालय र प्रदेश कार्यालयहरूबाट मिति २०८३ साल जेठ र असार २२ गतेसम्ममा जम्मा ८२ वटा जीवन बीमा अभिकर्ता परीक्षा संचालन गरिएको छ । कुल परीक्षामध्ये जीवन बीमा अभिकर्तातर्फ प्रदेश कार्यालयहरूबाट ४८ वटा र केन्द्रीय कार्यालयवाट ३० वटा र लघु जीवन बीमा अभिकर्तातर्फ ४ वटा परीक्षा संचालन गरिएको थियो ।

जीवन बीमा अभिकर्ता परीक्षामा सहभागी कूल परिक्षार्थीमध्ये ९,४१२ जना उत्तिर्ण भएका थिए भने १०२ जना अनुत्तिर्ण र २७२ जना परीक्षामा अनुपस्थित रहेका थिए । यस्तै, यस अवधिमा प्राधिकरणले दुईवटा बीमा दलाल कम्पनीको इजाजतपत्र जारी गरेको छ ।

# कोशी प्रदेश कार्यालय

## इनरूवा नगरपालिकासँग बीमा सम्बन्धी अन्तरक्रिया



इनरूवा नगरपालिकासँग आयोजित बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागीहरू ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा जेठ २८ गते सुनसरी जिल्लाको इनरुवा नगरपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमाको महत्व, जोखिम व्यवस्थापन, बीमा सम्बन्धी कानूनी व्यवस्था, बीमाको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिका तथा बीमा क्षेत्रसँग सम्बन्धित समसामयिक विषयमा सहभागीहरूलाई जानकारी दिने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथि इनरुवा नगरपालिकाका नगर प्रमुख केदार भण्डारीले प्राकृतिक प्रकोपका कारण हुने क्षतिको पूर्ण राहत उपलब्ध गराउन सम्भव नहुने भएकाले क्षतिको भरपर्दो व्यवस्थापन गर्न बीमा गर्नु अपरिहार्य भएको बताउनुभयो ।

नगर प्रमुख भण्डारीले मानव जीवन र कृषि तथा पशुपन्छी मात्र नभई निजी तथा सार्वजनिक भवनहरू समेत प्राकृतिक विपत्तिको जोखिममा रहेकाले भौतिक सम्पत्तिको बीमालाई पनि प्राथमिकता दिन आवश्यक रहेको विचार व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले कृषकका व्यावहारिक समस्याहरू समाधान गर्न र बीमा प्रक्रियालाई सरल बनाउन आवश्यक पहल गर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका सहायक निर्देशक पुष्पा खनालले बीमाको परिचय तथा महत्व, बीमाका प्रकार, बीमा गर्दा ध्यान दिनुपर्ने कुरा, बीमा दाबी प्रक्रिया, उजूरी सम्बन्धी व्यवस्था र बीमाको विकास एवम् विस्तारका लागि स्थानीय तहको भूमिका सम्बन्धी प्रस्तुतीकरण दिनुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले स्थानीयस्तरमा कृषि तथा पशुपन्छी बीमा गर्दा प्राविधिक (प्रविधिको अभाव र प्राविधिक मूल्याङ्कनकर्ता) नपाउने समस्या रहेको, बीमा दाबी भुक्तानी प्रक्रियामा ढिलासुस्ती हुने गरेको, दुर्गम क्षेत्रमा बीमा कम्पनीहरूको सेवा पहुँच सीमित हुने गरेको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका सहायक प्रथम मिलन पोखेलले गर्नुभएको थियो । कार्यक्रममा इनरुवा नगरलिकाका जनप्रतिनिधि र कर्मचारी, अगुवा कृषक, स्थानीय बासिन्दा लगायतको सहभागिता रहेको थियो ।

# हतुवागढी गाउँपालिकासँग बीमा सम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल जेठ ८ गते भोजपुर जिल्लाको हतुवागढी गाउँपालिकासँग बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि हतुवागढी गाउँपालिकाका अध्यक्ष प्रेम कुमार राईले बीमा आर्थिक सुरक्षा मात्र नभई समाज परिवर्तन र आर्थिक स्थायित्वको बलियो संवाहक भएको विचार व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुभएको थियो । कार्यक्रममा नेपाल बीमा प्राधिकरण, केन्द्रिय कार्यालयका सहायक निर्देशक शिव प्रसाद खनालले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो । कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका सहायक प्रथम मिलन पोखे्रलले गर्नुभएको थियो ।

कार्यक्रममा हतुवागढी गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारी, कर्मचारी, सरोकारवाला, स्थानीय बासिन्दा, अगुवा कृषक तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो ।

# बीमा बजार सुधार र आगामी रणनीति सम्बन्धी 'राउन्ड टेबल' छलफल



नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल असार २३ गते विराटनगरमा बीमा बजारको सुधार, सेवाको गुणस्तर अभिवृद्धि तथा आगामी आर्थिक वर्षका रणनीति सम्बन्धमा जीवन, निर्जीवन, लघु जीवन तथा लघु निर्जीवन बीमा कम्पनीका प्रदेश प्रमुखहरूसँग राउन्ड टेबल छलफल सम्पन्न भएको छ । कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले चालु आर्थिक वर्षमा प्राधिकरणको कोशी प्रदेश कार्यालयले विभिन्न सरोकारवालासँग सञ्चालन गरेका अन्तरक्रिया कार्यक्रमहरू र त्यहाँ उठेका प्रश्न, जिज्ञासा तथा जनगुनासोहरूका बारेमा जानकारी दिनुभएको थियो । कार्यक्रममा बीमा सेवाप्रति सर्वसाधारणमा देखिएका अन्यौल तथा बजारमा रहेका व्यावहारिक समस्याको समाधानका लागि बीमा कम्पनीहरूले खेल्नुपर्ने भूमिका र कोशी प्रदेशमा कार्यरत बीमा कम्पनीहरूले चालु आर्थिक वर्षमा गरेका गतिविधि, प्राप्त उपलब्धि र भोगेका चुनौतीहरूको समीक्षा गरिएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमाको पहुँच विस्तार, सेवाको गुणस्तर सुधार, बीमा बजारलाई व्यवस्थित, पारदर्शी र प्रतिस्पर्धी बनाउने तथा दाबी भुक्तानी प्रक्रियालाई थप प्रभावकारी र छिटोछरितो बनाउने विषयलाई आगामी आर्थिक वर्षमा प्राथमिकता दिनुपर्ने धारणा राख्नुभएको थियो ।

# शिक्षक र विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल जेठ २२ गते विराटनगरमा विभिन्न क्याम्पस तथा विद्यालयका शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । शिक्षक तथा विद्यार्थीहरूलाई बीमा बजार, बीमा प्रणाली र बीमा व्यवसायका बारेमा जानकारी दिने, वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्ति विकास गर्ने र बीमा साक्षरता अभिवृद्धि गर्दै बीमाको दायरा विस्तारमा सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका प्रमुख प्रीति देवले बीमा क्षेत्रमा दक्ष जनशक्तिको कमी रहेकाले भविष्यमा विद्यार्थीहरूको करियरका लागि बीमा क्षेत्र राम्रो सम्भावना हुनसक्ने बताउनुभयो । कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयका सहायक निर्देशक पुष्पा खनालले कार्यक्रमको संचालन र सहायक निर्देशक सचिन राईले बीमा सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा पोखरिया माध्यमिक विद्यालय, विराट क्याम्पस, शिक्षादीप बोर्डिङ स्कूल, सिटी माध्यमिक विद्यालय, मेरिल्याण्ड माध्यमिक विद्यालय र सिद्धार्थ शिशु सदन माध्यमिक विद्यालयका शिक्षक तथा +२ मा अध्ययनरत विद्याथीहरूको सहभागिता रहेको थियो ।



# मधेश प्रदेश कार्यालय

## महिला समूहसँग बीमा सम्बन्धी अन्तरक्रिया




कार्यक्रममा सहभागीहरू ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा २०८३ साल जेठ ७ गते नेपाल घरेलु तथा साना उद्योग महासंघ, बारा अन्तर्गतको महिला समूहसँग बीमा प्रवर्द्धनात्मक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि बारा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयका प्रमुख देवेन्द्र कुमार झाले महिलाहरूमा बीमा सचेतना अभिवृद्धि गर्न यस्ता अन्तरक्रिया कार्यक्रम प्रभावकारी रहेको बताउँदै ग्रामीण क्षेत्रका महिलामाझ बीमा सचेतना फैलाउन नेपाल बीमा प्राधिकरणले निर्वाह गर्दै आएको भूमिका प्रशंसनीय रहेको बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले महिला समूहहरूसँगको सहकार्यबाट बीमा सचेतना अझ प्रभावकारी रूपमा विस्तार गर्न सकिने विश्वास व्यक्त गर्नुभयो । कार्यक्रममा सहभागीहरूले बीमा गर्दा मासिक/वार्षिक रूपमा तिर्नुपर्ने रकम, बीमा गर्दा हुने फाइदा, बीमा गर्न उमेरको सीमा, महिला लक्षित विशेष बीमा योजना लगायतको विषयमा जिज्ञासाहरू राख्नुभएको थियो ।

कार्यक्रममा विभिन्न महिला समूहका प्रतिनिधिहरू, व्यवसायी महिला, शिक्षिका तथा विभिन्न क्षेत्रका महिलाहरूको सहभागिता रहेको थियो ।

# कृषक महिला समूहसँग बीमा सम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल असार ४ गते एकता महिला कृषक समूह, धवौली, धनुषा अन्तर्गतको महिला समूहसँग बीमा प्रवर्द्धनात्मक अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले बीमा क्षेत्रको समग्र अवस्था, मधेश प्रदेशमा बीमा सम्बन्धी चुनौती, महिला समूहबीच बीमा सचेतना विस्तारका उपायहरू र बीमाको पहुँच अभिवृद्धिमा महिलाहरूको भूमिका सम्बन्धी विषयमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा विभिन्न महिला समूहका प्रतिनिधिहरू, कृषक महिला, तथा विभिन्न क्षेत्रका महिलाहरूको सहभागिता रहेको थियो । यसैगरी, असार ४ गते धनुषामा महिला समूहसँग पनि बीमा समबन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



# कृषि तथा पशु बीमा सम्बन्धी अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल जेठ ८ गते कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका कर्मचारी र कृषक तथा सरोकारवालाहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथी पर्सास्थित कृषि ज्ञान केन्द्रका प्रमुख राम जीवन ठाकुरले बीमा कम्पनीहरूले आफ्ना अभिकर्ताहरूको विवरण उपलब्ध गराएमा कृषि ज्ञान केन्द्र मार्फत कृषक र बीमा अभिकर्ताबीच समन्वय तथा सम्पर्क स्थापना गर्न सहज हुने बताउनुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले कृषि बीमाको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबै निकायबीच अझ सुदृढ समन्वयको आवश्यकता औंल्याउनुभयो । उहाँले कृषकहरूको बीमामा पहुँच सुनिश्चित गर्ने, अनुदान व्यवस्थापन प्रक्रियालाई थप सहज र व्यवस्थित बनाउने तथा बीमाका फाइदाहरू सबै कृषकसम्म पुऱ्याउने विषयमा सम्बन्धित सबैले विशेष ध्यानदिनुपर्ने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका सहायक निर्देशक महेश मण्डलज्यूले कृषि बीमाको आवश्यकता, बीमाले कृषकलाई प्रदान गर्ने जोखिम संरक्षण तथा दाबी प्रक्रिया सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी प्रक्रिया पूरा गर्न लामो समय लाग्ने गरेको, सम्बन्धित निकायबाट सिफारिस लिन झन्झट व्यहोर्नु परेको लगायतका गुनासाहरू गर्नुभएको थियो । कार्यक्रममा कृषि तथा पशु सेवा विज्ञ केन्द्रका पदाधिकारीहरू, कृषक, कृषि प्राविधिक तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यलयको आयोजनामा मिति २०८३ साल जेठ २९ गते नेपाल राष्ट्रिय माध्यमिक बिद्यालय, जीतपुर बारामा शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि नेपाल राष्ट्रिय माध्यमिक बिद्यालयका प्रधानाध्यापक शंकर कुमार आचार्यले विद्यालयमा आयोजित बीमा सम्बन्धी कार्यक्रम बीमा सम्बन्धी समग्र विषयमा जानकारी प्राप्त गर्नका लागि उपयोगी सावित भएको विचार व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका सहायक निर्देशक महेश मण्डलले विद्यार्थीहरूलाई वीमाका बारेमा सही ज्ञान प्राप्त भएमा समाजमा बीमाप्रति सकारात्मक सोच बन्ने र बीमाको भविष्य समेत राम्रो हुने बताउनुभयो ।

कार्यक्रममा नेपाल राष्ट्रिय माध्यमिक बिद्यालयका शिक्षक, कर्मचारी र कक्षा १० का विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

# स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल असार १ गते सर्लाहीस्थित रामनगर गाँउपालिकासँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा गाउँपालिकाका तर्फबाट बीमा सम्बन्धी जानकारीमूलक कार्यक्रम आयोजना गरेकोमा प्राधिरणप्रति आभार प्रकट गरिएको थियो ।
नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले कृषि बीमा सम्बन्धी आवश्यक जानकारी दिनका लागि सर्लाही जिल्लामा सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेडलाई तोकिएको जानकारी दिनुभयो ।

कार्यक्रममा रामनगर गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारी, महिला समूहका प्रतिनिधि, कृषक, व्यवसायी, बीमा अभिकर्ता, बीमित, बीमा कम्पनीका प्रतिनिधि र विभिन्न सरोकारवालाहरूको सहभागिता रहेको थियो ।
यसैगरी, नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल असार १ गते दुर्गा भगवती गाउँपालिकासँग र असार १० गते करैयामाई गाउँपालिकासँग बीमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

# गण्डकी प्रदेश कार्यालय

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयबाट मिति २०८३ साल जेठ र असार महिनामा प्रहरी र यातायात व्यवसायीसँग १ वटा, शिक्षक तथा विद्यार्थीहरूसँग ४ वटा, महिला समूहहरूसँग ३ वटा र नेपाल पत्रकार महासंघ, स्याङ्जासँग, कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय तथा सम्बद्ध निकायहरूसँग लगायतका अन्य सरोकारवाला पक्षहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको छ । त्यसैगरी २०८३ साल असार १९ गते गण्डकी प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिता समेत आयोजना गरिएको छ । साथै, १ वटा जीवन बीमा कम्पनी (नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि) र १ वटा निर्जीवन बीमा कम्पनी (सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि.) मा स्थलगत निरीक्षण समेत सम्पन्न भएको छ ।

# लुम्बिनी प्रदेश कार्यालय

## स्थानीय तह, शिक्षक तथा विद्यार्थी र सरोकारवालाहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल जेठ र असारमा ३ वटा स्थानीय तहहरूसँग, ३ वटा विद्यार्थी तथा शिक्षकसँग, महिला समुह, नेपाल घरेलु तथा साना उद्योग महासंघ, जीवन, निर्जीवन र लघु बीमकहरू, दाङ जिल्ला उद्योग वाणिज्य संघ, दाङ जिल्ला अभिकर्ता संघसँग, बैंक तथा वित्तीय संस्थाहरू, नेपाल प्रहरी र यातायात व्यवसायीहरू लगायतका अन्य सरोकारवालाहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रमहरू सम्पन्न भएको छ । त्यसैगरी २०८३ साल असार २४ गते लुम्बिनी प्रदेशस्तरीय हाजिरी जवाफ प्रतियोगिता समेत आयोजना गरिएको छ । सम्पन्न कार्यक्रमहरूमध्ये केही कार्यक्रमहरूको विस्तृत विवरण देहाय बमोजिम रहेका छन् ।

## बैंक तथा वित्तीय संस्थाहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ असार ११ गते बुटवलमा बैंक तथा वित्तीय संस्थाहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । बैंक तथा वित्तीय संस्थाहरूमा कार्यरत कर्मचारीलाई बीमा सम्बन्धी जानकारी दिने र बैक तथा वित्तीय संस्था र बीमा कम्पनीबीचको सहकार्यलाई थप प्रभावकारी बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक ध्रुव तिमिल्सिनाले बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीहरूबीचको सहकार्य अझै प्रभावकारी हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । निर्देशक तिमिल्सिनाले बीमा

कम्पनीहरूबाट कुनै असुविधा भएमा वा ढिला सुस्ती तथा नियम विपरित काम भएको पाएमा प्राधिकरणलाई जानकारी दिन आग्रह गर्नुभयो । कार्यक्रममा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश प्रमुख जमुना अर्याल (आचार्य) ले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्नुभएको थियो ।

छलफलमा सहभागीहरूले बीमा कम्पनीहरूबाट यथार्थ दाबी लिन कठिन रहेको, कम्पनीहरूले कृषि बीमा गर्न नमान्ने र मान्नेले पनि कृषि बीमा गर्न समय बढी लिने गरेको, बीमा दाबी भुक्तानी समयमा नहुँदा बैंक र ग्राहक दुबै मर्कामा पर्ने गरेको, बीमा कम्पनीका सेवा सुस्त रहेको, बीमा कम्पनीले एजेन्ट मार्फत मात्र नभई डिजिटल माध्यमबाट बीमालेख बिक्री गर्नु आवश्यक रहेको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका कार्यालय प्रमुख, नेपाल बैंकर्स एशोसिएशन, डेभलपमेन्ट बैंक एशोसिएशन, निफ्स लुम्बिनी च्याप्टर र निसा लुम्बिनी प्रदेशका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका सहायक प्रथम बलराम गिरीले गर्नुभएको थियो ।

## नेपाल प्रहरी र यातायात व्यवसायीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल असार १५ गते बुटवलमा नेपाल प्रहरी, ट्राफिक प्रहरी र यातायात व्यवसायीहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सम्पत्ति शुद्धिकरण तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी कानूनी व्यवस्थाबारे जानकारी गराउने र जोखिम पहिचान, व्यवस्थापन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका प्रमुख जमुना अर्याल आचार्यले बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुती गर्दै नेपाल प्रहरी तथा ट्राफिक प्रहरीलाई प्रहरी प्रतिवेदनका सम्बन्धमा थप प्रभावकारी सहजीकरण गरिदिन आग्रह गर्नुभयो ।

साथै, उहाँले यातायात व्यवसायीहरूलाई बीमालेख खरिद

गर्दा आवश्यक सर्तहरू राम्रोसँग अध्ययन गर्न र आफैले प्रस्ताव फारम भरी बीमा गर्न अनुरोध गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले सडक दुर्घटनाबाट घाइते भएमा लामो समय औषधि उपचार गराउँदा मिलापत्र नगरेसम्म दाबी नगर्ने गरेको, रु ३ लाख बराबरको दायित्व यातायात समितिले लिएको, यथार्थ दाबी लिन कठिन भएको, कतिपय बीमा सर्भेयरले रिपोर्ट सहीरूपमा नदिने समस्या रहेको, गाडि पार्किङ गर्दा ठोकिएको अवस्थामा प्रहरी मुचुल्का र सिङ्गल सवारी बीमामा एकरूपता नभएको धारणा राख्नुभएको थियो ।

यसैगरी, ग्राहकहरूले आवश्यक कागजात उपलब्ध गराउन आनाकानी गर्ने गरेको, ग्रामीण क्षेत्रका ग्राहकहरूको पहिचान तथा ठेगाना प्रमाणीकरण गर्न समस्या हुने गरेको, बीमा सम्बन्धी प्रतिवेदन तयार तथा पेश गर्न जनशक्ति अभाव रहेको, शंकास्पद कारोबार पहिचानका लागि पर्याप्त प्रविधि तथा सफ्टवेयरको अभाव रहेको लगायतका विचार सहभागीहरूले व्यक्त गर्नुभएको थियो ।

नेपाल प्रहरीका प्रहरी नायब उपरिक्षक मोहनजंग बुढथापाको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल प्रहरी, ट्राफिक प्रहरी, पश्चिम नेपाल बस व्यवसाय समितिका पदाधिकारी र बीमा कम्पनीका प्रतिनिधिहरू लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको संचालन नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयका सहायक प्रथम बलराम गिरीले गर्नुभएको थियो ।

# कर्णाली प्रदेश कार्यालय

## महिलाहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल जेठ ७ गते सीमान्तकृत महिलाहरूका लागि महिला संस्था (डब्लुएएम), सुर्खेतसँगको समन्वयमा महिलाहरूसँग बीमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेको कृषि बीमा, घर बीमा गर्दा ध्यानदिनुपर्ने कुराहरू र बीमालेख खरिद गर्दा अपनाउनुपर्ने सतर्कताका बारेमा जानकारी दिँदै दूरदराजसम्म बीमा सम्बन्धी सचेतना अभिवृद्धिका लागि महिलाहरूको भूमिका निकै महत्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका सहायक निर्देशक विपना पन्थीले बीमाको परिचय र महत्व, बीमाका प्रकार, बीमाका सिद्धान्त, नेपालको वित्तीय प्रणालीमा बीमाको महत्व लगायतका विषयहरू सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले घर बीमा, जीवन बीमा र कृषि बीमासँग सम्बन्धित जिज्ञासाहरू राख्नुभएको थियो ।

## स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल असार २ गते हुम्ला जिल्लाको ताजाकोट गाउँपालिका, असार ३ गते अदानचुली गाउँपालिका, असार ४ गते चंखेली गाउँपालिका र असार ५ गते सर्केगाड गाउँपालिकासँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**ताजाकोट गाउँपालिका**मा आयोजित कार्यक्रममा प्रमुख अतिथि उक्त गाउँपालिकाका अध्यक्ष लालकेश जैसीले दुर्गम क्षेत्र तथा न्यून आय भएका नागरिकसम्म बीमाको पहुँच विस्तार गरेमा मात्र बीमा प्रभावकारी हुने बताउनुभयो ।




**अदानचुली गाउँपालिका**मा भएको कार्यक्रममा प्रमुख अतिथि उक्त गाउँपालिकाका उपाध्यक्ष कर्ण रोकायले बीमा सम्बन्धी सचेतना अभिवृद्धिका लागि कार्यक्रम उपयोगी रहेको बताउनुभयो ।




**चखेली गाउँपालिका**मा आयोजित कार्यक्रममा प्रमुख अतिथि उक्त गाउँपालिकाका उपाध्यक्ष प्रेमकला शाहीले जोखिम हस्तान्तरण गरी आर्थिक रूपमा सुरक्षित हुनुका लागि बीमा अति आवश्यक भएको बताउनुभयो ।




**सर्केगाड गाउँपालिका**मा भएको कार्यक्रममा प्रमुख अतिथि उक्त गाउँपालिकाका अध्यक्ष ठान बहादुर रोकायाले भविष्यमा हुनसक्ने आर्थिक क्षतिबाट बच्नका लागि समयमैं बीमा गर्न सबैसँग आग्रह गर्नुभयो ।



ती कार्यक्रमहरूमा सहभागीहरूले बीमा दाबी भुक्तानी प्राप्त गर्न कठिन रहेको, कृषि बीमाको क्षति मूल्याङ्कनमा समस्या रहेको, क्षति मूल्याङ्कनकर्ताको कमी रहेको लगायतका धारणा राख्नुभएको थियो । ती कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका तर्फबाट बीमा सम्बन्धी समग्र विषयमा प्रस्तुतीकरण गरिएको थियो ।

कार्यक्रमहरूमा सम्बन्धित स्थानीय तहका जनप्रतिनिधि र कर्मचारी, कृषि प्राविधिक, बीमकका कर्मचारी र अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

# पत्रकारहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल असार ६ गते नेपाल पत्रकार महासंघ, हुम्लासँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका सहायक निर्देशक विपना पन्थीले बीमा क्षेत्रको दिगो विकास, सुशासन प्रवर्द्धन र बीमितको हकहित संरक्षणका लागि सञ्चार माध्यम, नियामक निकाय तथा सरोकारवालाबीचको सहकार्यलाई थप सुदृढ बनाउन आवश्यक रहेको बताउनुभयो ।




कार्यक्रममा सहभागी पत्रकारहरूले बीमाको पहुँच अझै विस्तार गर्नुपर्ने, दाबी भुक्तानी छिटो छरितो हुनुपर्ने, डिजिटल बीमालाई प्रोत्साहन गर्न प्राधिकरणको योजना, बीमा सचेतना कार्यक्रमलाई व्यापक र निरन्तरता दिनुपर्ने, बीमाको क्षेत्रको विस्तारका लागि सञ्चालमाध्यमको भूमिका लगायतका विषयहरूमा सुझावहरू दिनुभएको थियो ।



विद्यार्थी तथा शिक्षकसँग बीमा सम्बन्धी अन्तरक्रिया

कार्यक्रममा हुम्ला जिल्लाका विभिन्न आमसञ्चार माध्यममा आबद्ध आर्थिक पत्रकार, खोजमूलक पत्रकार, रेडियो पत्रकार, अनलाइन पत्रकार तथा श्रव्य-दृश्य पत्रकारहरूको सहभागिता रहेको थियो ।

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा मिति २०८३ साल असार ९ गते दैलेखस्थित जनज्योति माध्यमिक विद्यालयका शिक्षक तथा कक्षा ९, १० र १२ मा अध्ययनरत विद्यार्थीसँग बीमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका सहायक निर्देशक विपना पन्थीले जोखिम तथा जोखिम व्यवस्थापन, नेपालको वित्तीय प्रणाली, बीमाको परिचय, प्रकार र सिद्धान्त, बीमा सम्बन्धी कानूनी व्यवस्था, बीमा मध्यस्थकर्ता, बीमा सम्बन्धी तथ्याङ्क र विभिन्न बीमालेखहरूको संक्षिप्त जानकारी दिनुभएको थियो ।

त्यस अवसरमा बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू, बीमा दाबी प्रक्रिया, दाबी नलाग्ने अवस्था, बीमा दाबीमा उजुरी गुनासोको कानूनी व्यवस्था, केही बीमालेखका दर, वित्तिय साक्षरता, बीमा साक्षरता लगायतका विषयहरूमा समेत जानकारी दिइएको थियो ।

कार्यक्रममा सहभागी शिक्षक तथा विद्यार्थीहरूले घर बीमा, दुर्घटना बीमा तथा स्वास्थ्य बीमाको आवश्यकता, बीमामा आबद्ध हुने प्रक्रिया, बीमा योजना छनौट गर्ने आधार तथा दाबी प्रक्रियासम्बन्धी विज्ञासाहरू राख्नुभएको थियो ।

यसैगरी, मिति २०८३ साल असार २८ गते सुर्खेत नगरपालिकाको लेकबेशीस्थित आदर्श माध्यमिक विद्यायलका शिक्षक तथा कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूसँग बीमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणको परिचय, प्राधिकरणको काम कर्तव्य र अधिकार, बीमाको परिचय, प्रकार, महत्व, बीमा सम्बन्धी कानूनी व्यवस्था, बीमाका आधारभूत सिद्वान्त, बीमा गर्दा ध्यान दिनुपर्ने विषयहरू, बीमा दाबी भुक्तानी माग गर्दा ध्यान दिनुपर्ने विषयहरू, बीमालेख रद्द गर्न सकिने अवस्था, नेपाल बीमा प्राधिकरणमा उजुरी गर्न सकिने विषयहरूमा नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका सहायक निर्देशक विपना पन्थी र सहायक प्रथम विश्वराज भट्टराईले प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयका प्रमुख निलप्रसाद लामिछानेले दिनुभएको थियो ।

# सुदूरपश्चिम प्रदेश कार्यालय

## स्थानीय तहहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया




अन्तरक्रिया कार्यक्रममा सहभागीहरू ।

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा यही २०८३ साल जेठ २४ गतेदेखि २९ गतेसम्म विभिन्न स्थानीय तह, पत्रकार, बीमक, विद्यालय र बीमा मध्यस्थकर्ताहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

जसअनुसार, बैतडीका पुर्चौडी नगरपालिका र सिगास गाउँपालिका, नेपाल पत्रकार महासंघ, डोटी शाखा, दिपायलस्थित बीमक, व्यवसायी एवम् अन्य सरोकारवाला, दिपायल एकेडेमी स्कूल र डँडेल्धुरास्थित बीमा मध्यस्थकर्ताहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ ।






सिंगास गाउँपालिकामा आयोजित कार्यक्रममा सहभागीहरू ।




पुचौंडी नगरपालिकामा आयोजित कार्यक्रममा सहभागीहरू ।

# महिला समुहहरूसँग बीमा सम्बन्धी अन्तर्क्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयले संघर्ष कृषि आमा समूह बडैपुर, कैलालीको समन्वयमा मिति २०८३ साल असार ३ गते कैलालीको बडैपुरमा संघर्ष कृषि आमा समूहसँग बीमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।




कार्यक्रममा सहभागीहरू ।

# शिक्षक तथा विद्यार्थीहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा चैतन्य पाठशाला, नन्दीनाज एकेडेमी र जोशीपुरस्थित जनप्रकाश माध्यमिक विद्यायका शिक्षक र विद्यार्थीहरूसँग बीमा सम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मिति २०८३ साल असार ०३ देखि ०९ गतेसम्म शिक्षक तथा विद्यार्थीहरूसँग बीमा प्रवर्द्धनात्मक छलफल तथा तथा अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको हो ।

यसैगरी, मिति २०८३ साल असार २३ गते सदूरपश्चिम प्रदेश, गोदावरी नगरपालिकाको अत्तरियास्थित एभरेष्ट एकेडेमी मा.वि. का शिक्षक तथा कक्षा १०, ११ र १२ मा अध्ययनरत विद्यार्थीहरूसँग बीमासम्बन्धी छलफल तथा अन्तरक्रिया कार्यक्रम


विद्यार्थीसँग नेपाल बीमा प्राधिकरण
बीमा प्रवर्धनात्मक छलफल तथा अन्तरक्रिया कार्यक्रम
नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

चैतन्य
पाठशाला

विद्यार्थीसँग नेपाल बीमा प्राधिकरण
बीमा प्रवर्धनात्मक छलफल तथा अन्तरक्रिया कार्यक्रम
नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY


# प्रहरी, उद्योगी व्यवसायी र बीमकका शाखा प्रमुखहरूसँग बीमा सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, सुदूरपश्चिम प्रदेश कार्यालयको आयोजनामा डँडेल्धुरा जिल्लास्थित जिल्ला प्रहरी कार्यालय, उद्योग वाणिज्य संघ र बैतडी जिल्लाको गोठालापानीस्थित बीमा कम्पनीका शाखा प्रमुख तथा कर्मचारीहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

मिति २०८३ साल असार १९ देखि २० सम्म बीमा प्रवर्द्धनात्मक छलफल तथा ८अन्तरक्रिया कार्यक्रमहरू आयोजना गरिएका हुन् ।





